# पोखरा महानगरपालिका
# नगर कार्यापालिकाको कार्यालय
## न्यूरोड, पोखरा,कास्की
## गण्डकी प्रदेश, नेपाल

मिति २०७५।१०।६

**घर भाडामा लिने सम्बन्धि सूचना**

यस पोखरा महानगरपालिका कार्यालयको २० नं. वडा कार्यालय सञ्चालनको लागि घर भाडामा लिन आबश्यक परेकाले निम्न अनुसारका घर भएका इच्छुक घरधनीले तपसिल अनुसारका कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र सिलबन्दी प्रस्ताव पेश गर्न यो सुचना सार्वजनिक गरिएको छ ।

**आवश्यक घरको विवरण :**

१. भाडामा दिने घर वडा न. २० को र्‍याले चौर देखि खोरा सम्मको वरपर हुनुपर्नेछ ।
२. प्रस्तावित घरमा बाटोको सुबिधा भएको, कम्तीमा १० कोठा, २ दुई वटा शौचालय भएको ।
३. पानीको धारा तथा बिजुलीको उचित प्रबन्ध भएको हुनुपर्ने छ ।
४. प्रस्तावित घरमा कम्पाउण्डवालको व्यवस्था हुनु पर्नेछ ।
५. प्रस्ताबमा भाडामा दिने घर पुरै भाडामा दिने हो वा आंशिक हो स्पष्ट खुलाउनु पर्नेछ ।
६. निबेदन साथ घरको बनेको जग्गाको जग्गाधनी दर्ता प्रमाणप्रत्रको प्रतिलिपी, नक्शा पास सम्पन्न प्रमाणपत्रको प्रतिलिपी, चालु आ. व. ०७५।७६ को सम्पत्ती कर तिरेको रसिदको प्रतिलिपी संलग्न गनुपर्नेछ ।
७. प्रस्तावमा मासिक घर भाडा रकम अंक र अक्षरमा खुलाइ पेश गर्नुपर्नेछ । भाडा कर घर धनीले व्यहोर्नु पर्नेछ ।
८. प्रस्ताव पेश गर्दा घरधनी आफै वा कानुन बमोजिमको बारेस मार्फत पेश गर्नुपर्ने छ ।
९. प्रस्ताब पेश गर्ने अन्तिम मितिः २०७५।१०।१३ गते दिनको ४.०० बजे ।
१०. प्रस्ताब पेश गर्ने स्थान : पोखरा महानगरपालिका २० नं वडा कार्यालय, भलाम ।
११. प्रस्ताव स्वीकृत गर्ने नगर्ने लगायतको अन्य कुरा महानगरपालिकाको निर्णय अनुसार हुनेछ ।

प्रमुख लेखा नियन्त्रक